प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहमा अध्ययन निरन्तरताका लागि निवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८२।०७।१२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आंगिक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षालयहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यक्रममा परिषद्मा रजिष्ट्रेशन कायम भएका तर विशेष कारणवश अध्ययन गर्न छुटेका बिद्यार्थीहरुले अध्ययन निरन्तरता गरी अध्ययन गर्न चाहेमा उपयुक्त कारण खुलाई **मिति २०८२।०७।२६ गते बुधबार** कार्यालय समय भित्र परीक्षा नियन्त्रण कार्यालयमा तोकिएका निम्न शर्तहरु पुरा गरी देहाय बमोजिमका कागजातहरु अनिबार्य रुपमा संलग्न गरेर मात्र निवेदन दर्ता गराउनु हुन परीक्षा समितिको मिति २०८२।०६।२७ गतेको निर्णय अनुसार सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको कागजात संलग्न नगरेको र अन्तिम मिति भन्दा पछि प्राप्त निवेदन उपर कुनै पनि कार्यवाही नहुने व्यहोरा समेत सम्वन्धित सवैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## अध्ययन निरन्तरता सम्वन्धमा :

(क) परिषद्मा रजिष्ट्रेशन कायम भएको बिद्यार्थी विशेष कारणवश अध्ययन गर्न छुटेमा पाठ्यक्रमले तोकेको समयावधी भित्र सोही कार्यक्रममा अध्ययन निरन्तरताका लागि स्वीकृति लिन स्पष्ट कारण खुलेको निवेदन पेश गर्न सक्नेछ । परिवर्तित पाठ्यक्रम लागू भैसकेको भए सिफारिश गरिने छैन ।

(ख) एक शैक्षिक शत्रको वार्षिक तथा सेमेष्टर परीक्षामा अनुत्तीर्ण हुने परीक्षार्थीहरुलाई अन्तिम परीक्षा भएको मितिले तीन वर्षसम्म मात्र पुनः परीक्षाको अवसर प्रदान गरीने भएकोले सोही समयावधी भित्र सम्पूर्ण परीक्षा सम्पन्न गर्ने गरी कबुलियतनामा पेश गरे पछि मात्र अध्ययन निरन्तरताको स्वीकृति प्रदान गरीने छ ।

(ग) रजिष्ट्रेशन कायम गरीएको कार्डको प्रतिलिपी ।

(घ) अध्ययन निरन्तरता दिने शिक्षालयको कोटा (छात्रवृत्ति वा पुर्ण शुल्कीय) खुलेको सहमति पत्र ।

(ङ) जुन शिक्षालयमा अध्ययन टुटेको हो सोही शिक्षालयमा मात्र अध्ययन निरन्तरताका लागि निवेदन दिन सक्नेछन् ।

(च) अध्ययन निरन्तरता गर्न चाहेको शिक्षालयमा कोटा रिक्त रहेको सक्कल पत्र र अघिल्लो बर्ष/सेमेष्टरको अन्तिम परीक्षाको आन्तरिक मूल्यांकनको समष्टिगत (Internal Assessment Sheet) शिक्षालयबाट प्रमाणित भएको पेश गर्नुपर्नेछ ।

(छ) शिक्षालयहरुले अध्ययन निरन्तरताका लागि सहमति दिंदा आफ्नो शिक्षालयमा रिक्त कोटाको संख्यामा मात्र सिफारिस दिनुपर्नेछ ।

(ज) अध्ययन निरन्तरताको सहमति पत्र अनिवार्य परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेसन शाखाबाट लिनुपर्ने छ । शिक्षालयले सहमति पत्र नलिई प्रशिक्षार्थीलाई अध्यापन गराएमा सो प्रशिक्षार्थीलाई अन्तिम परीक्षामा सामेल गराइने छैन र यसको जिम्मेवार सम्बन्धित शिक्षण संस्था नै हुनेछ ।

(झ) आन्तरिक मुल्यांकन परीक्षामा अनुत्तीर्ण बिद्यार्थीलाई अध्ययन निरन्तरताको सहमति दिइने छैन ।

**नोट : सवै कागजात एवं प्रकृयाहरु परीक्षा नियन्त्रण कार्यालयबाट सूचना प्रकाशित मिति पछिको हुनुपर्नेछ ।**

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**